**प्रदेश सभा, प्रदेश नं. २**

**छैठौं अधिवेशन**

**बैठक संख्या २**

**सूचना पत्र २ (बैठकको कारवाहीको संक्षिप्त विवरण)**

**२०७७ साल जेष्ठ २५ गते मंगलवार**

---

प्रदेश सभाको छैठौं अधिवेशनको दोश्रो बैठक मा० सभामुख श्री सरोज कुमार यादबको अध्यक्षतामा दिनको १:४५ बजे प्रारम्भ भयो ।

बैठक प्रारम्भ हुनासाथ मा० सभामुखसंग विशेष समय लिई मा० सुन्दर बहादुर विश्वकर्मा, मा० श्री वीरेन्द्र प्रसाद सिंह र मा० श्री रामकुमार यादबले सशर्त अनुदान सम्बन्धमा आ-आफ्नो भनाई सभामा राख्नु भयो ।

ततपश्चात, ने.क.पा. (एमाले), नेपाली काँग्रेस र ने.क.पा. (माओवादी केन्द्र) का माननीय सदस्यज्यूहरू आ-आफ्नो यथा स्थानमा उभी सशर्त अनुदान सम्बन्धी मा० मुख्यमन्त्रीज्यूको जवाफ प्रदेश सभामा प्रस्तुत नहुन्जेलसम्म प्रदेश सभाको बैठक चल्न नदिने भनि विरोध गर्नु भयो ।

त्यसपछि, मा० सभामुखज्यूले सभाको बैठक एक घण्टाको लागि स्थगित गर्नु भयो र पछि वेलुकी पाँच बजे मिति २०७८ जेष्ठ २६ गते बुधवार दिनको १ बजे प्रदेश सभाको बैठक बस्ने ब्यहोरा सबै प्रदेश सभा सदस्यज्यूहरूलाई सूचनाद्वारा जानकारी गराईयो ।

तद्न्तर प्रदेश सभाको बैठक २०७८ जेष्ठ २६ गते दिनको १ बजेसम्मको लागि स्थगित भयो ।